जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ७८ २०८३ साल कात्तिक ४ गते बुधबार (21 Oct 2026 Wednesday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दशैंको संस्कृतिबाट साधनाको. ३ पृष्ठमा : मालीमा सशस्त्र आक्रमणमा ... ४ पृष्ठमा : राजदेवी मन्दिरमा करिब ...

# एक लाख ८७ हजार ६ सय ८६ जना मतदाता वृद्धि




**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

अघिल्लो प्रतिनिधि सभा सदस्य निर्वाचनमा कायम मतदाता संख्याको तुलनामा हालको अन्तिम मतदाता नामावलीमा कुल १ लाख ८७ हजार ६ सय ८६ जना मतदाता वृद्धि भएका छन् ।

निर्वाचन आयोगले मतदाता नामावलीमा नयाँ नामदर्ता तथा अद्यावधिक सम्बन्धी कार्य सम्पन्न गरी असोज ३० गते अन्तिम मतदाता नामावली प्रकाशन गरि उक्त जानकारी दिएको हो । अन्तिम मतदाता नामावलीलाई सर्वसाधारणको सहज पहुँचमा पुर्यातउने उद्देश्यले आयोगको आधिकारिक वेबसाइमा प्रकाशन गरिएको छ ।

सातै प्रदेशगत, जिल्लागत, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्रगत, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रगत तथा स्थानीय तहगत मतदाता सङ्ख्यात्मक विवरणसमेत आयोगको वेवसाइटमा सार्वजनिक गरिएको छ ।

आयोगका सहसचिव राजेन्द्र कुमार के.सी.द्वारा जारि विज्ञप्तिमा अन्तिम मतदाता नामावलीमा कायम मतदाता मध्ये पुरुष ९७ लाख ६९ हजार ८ सय २५, महिला ९३ लाख २१ हजार ३ सय ३६ र अन्य २ सय १४ जना रहेका छन् ।

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा कायम रहेको अन्तिम मतदाता नामावलीमा महिला ९२ लाख ४० हजार १ सय ३१, पुरुष ९६ लाख ६३ हजार ३ सय ५८ र अन्य २०० गरी कुल १ करोड ८९ लाख ३ हजार ६८९ मतदाता रहेका थिए । उक्त निर्वाचन सम्पन्न पश्चालत आयोगले २०८२ चैत २२ गतेदेखि नियमित रूपमा मतदाता नामावलीमा नाम दर्ता गर्ने, विवरणमा रहेका त्रुटि सच्याउने, ठेगाना स्थानान्तरण गर्ने तथा मृत्यु भएका मतदाताको नाम हटाउनेलगायतका कार्य सञ्चालन गर्दै आएको थियो ।

यसै क्रममा आयोगको मिति २०८३ साउन १५ गतेको निर्णयबमोजिम मिति २०८३ भदौ १५ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गराएका तथा सोही मितिसम्म १८ वर्ष उमेर पूरा गरेका व्यक्तिहरूलाई समावेश गरी मिति २०८३ असोज १ गते अद्यावधिक प्रयोजनका लागि प्रारम्भिक मतदाता नामावली प्रकाशन गरिएको थियो । प्रारम्भिक मतदाता नामावलीमा महिला ९४ लाख २७ हजार ६५०, पुरुष ९८ लाख ६७ हजार ९० र अन्य २२१ गरी कुल १ करोड ९२ लाख ९४ हजार ९६१ जनाको विवरण समावेश रहेको थियो ।

२०८२ चैत २२ देखि २०८३ भदौ १५ गतेसम्मको अवधिमा १८ वर्ष उमेर पूरा गरेका जम्मा ४ लाख ३० हजार ३५२ जनाको नाम नामावलीमा समावेश गरी नियमित अद्यावधिक प्रक्रियाबाट (मृत्यू, दोहोरो नाम, नागरिकता त्याग/रद्द आदी)३९ हजार ८० जनाको नाम हटाइएको थियो । जसबाट प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा कायम अन्तिम मतदाता नामावलीमा खुद३ लाख ९१ हजार २७२ मतदाताको नामथप गरी मिति २०८३ असोज १ गते प्रारम्भिक मतदाता नामावली प्रकाशन गरिएको थियो ।

अद्यावधिक प्रयोजनका प्रकाशित प्रारम्भिक मतदाता नामावलीउपर प्रचलित कानुनबमोजिम दाबीविरोध तथा विवरणको जाँचबुझ गरी आवश्यक संशोधन र अद्यावधिकका कार्य सम्पन्न गरिएको छ । सो क्रममा मृत्यु भएका ४५ हजार ३२२ जना मतदाताको नाम हटाइएको छ भने दोहोरो नाम समावेश भएको, नागरिकता त्याग गरेको वा रद्द भएको तथा दाबी विरोध लगायतका कारणबाट थप १ लाख ५८ हजार २६४ जनाको नाम हटाइएको छ ।

यसरी प्रारम्भिक मतदाता नामावलीबाट जम्मा २ लाख ३ हजार ५८६ जनाको नाम हटाई अन्तिम मतदाता नामावलीमा कुल १ करोड ९० लाख ९१ हजार ३७५ जना मतदाता कायम भएका छन् ।

# सप्तरीका दुई शक्तिपीठमा पुष्पवृष्टि

**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

सप्तरीका दुई शक्तिपीठमा नेपाली सेनाले हेलिकप्टरमार्फत पुष्पवृष्टि गरिएको छ । वडा दशैंको अवसर पारेर मंगलबार महानवमीका दिन पुष्पवृष्टि गरिएको हो ।



जिल्लाको छिन्नमस्ता गाउँपालिकास्थित छिन्नमस्ता भगवती मन्दिर तथा हनुमाननगर कंकालिनी नगरपालिकास्थित कंकालिनी भगवती मन्दिरमा सेनाद्वारा पुष्पवृष्टि गरिएको छ ।

छिन्नमस्ता भगवती मन्दिरमा बिहान ११ बजे तथा त्यसको १० मिनेट लगत्तै कंकालिनी भगवती मन्दिरमा हेलिकप्टरद्वारा पुष्पवृष्टि कार्यक्रम गरिएको सम्बद्ध

*बाँकी अन्तिम पृष्ठमा*

**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



**ट्राफिक नियम पालना गरौ ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## सम्पादकीय

### सिसि क्यामराहरु अविलम्ब संचालन गर्नेतर्फ ध्यान पुगोस

राजविराज नगरपालिकाको मुख्य चौकमा दुई वर्षअघि लाखौं रुँपैया खर्च गरेर जडान गरिएको सिसि क्यामरा अहिले नामको मात्र रहेको छ । आपराधिक, चोरी तथा विभिन्न दुर्घटनाका घटनाबारे निगरानी गर्ने उद्देश्यले लगाइएको ती क्यामरा मध्ये अधिकांश बिग्रनु र भएकाहरु पनि कामै नलाग्ने रहेको छ । यस्ता संवेदनशिल विषयप्रति राजविराज नगरपालिका गम्भिर नहुनुमा अति नै लापरवाही हो । नगरको कुनै पनि गतिविधी क्यामरामा कैद हुन नसक्नुले नगरको सुरक्षाप्रति प्रश्न चिन्ह खडा भएको छ ।

राजविराज नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा नगरको शान्ति सुरक्षाका लागी जडान गरेको थियो । नगरको शान्तिसुरक्षा र नगर क्षेत्र भित्र हुने विभिन्न घटना दुर्घटना निगरानी गर्ने उद्देश्यले जडान गरिएको सिसी क्यामेराले काम नगर्दा अपराधका घटनाको सत्यतथ्य पत्ता लगाउन प्रहरीलाई समेत अप्ठ्यारो भएको छ । त्यस बेला ती क्यामरा नियन्त्रण कक्ष जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको थियो तर अहिले प्रहरीले नै अधिकांश क्यामरा नचल्ने जनाएको छ ।

तसर्थ नगरवासीको शान्ति सुरक्षाका निम्ति लगाइएका ती क्यामराहरु अविलम्ब चुस्त दुरुस्त पारि यथासिघ्र संचालन गर्नेतर्फ सम्बन्धीत पक्षको ध्यान पुग्नु आवश्यक छ ।

## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर** : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर** : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर** : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु** : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र** : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह** : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# दशैंको संस्कृतिबाट साधनाको पक्ष बिलाउन लागेको छः संस्कृतिविद् डा गोविन्द टण्डन

काठमाडौँ, ३ कात्तिक (रासस)

नेपालको सांस्कृतिक क्षेत्रमा डा गोविन्द टण्डन स्थापित नाम हो । पशुपति क्षेत्रको सांस्कृतिक अध्ययनमा विद्यावारिधि शोध गर्नुभएका टण्डनले पशुपति क्षेत्र विकास कोषको दुई दुईपटक नेतृत्व गरिसक्नुभएको छ । गुठी संस्थान विद्वत् परिषद्को समेत नेतृत्व गरिसक्नुभएका संस्कृतिविद् टण्डन अहिले गुठी संस्थान सञ्चालक समितिको अध्यक्ष हुनुहुन्छ । संस्कृतिविद् टण्डनसँग दसैंको सांस्कृतिक पक्षमा रही राष्ट्रिय समाचार समिति (रासस) का उपसमाचारदाता पूर्णप्रसाद मिश्रले गरेको अन्तर्वार्ताको अंश यहाँ प्रस्तुत गरिएको छ ।

**प्रश्नः दसैंको धार्मिक, सांस्कृतिक र सामाजिक महत्वलाई कसरी बुझ्न सकिन्छ ?**

नेपालमा वर्षैभरि विभिन्न किसिमका चाडपर्व आइरहन्छन् । त्यसमध्येमा पनि विजयादशमी अर्थात् बडादशमीको भने ठूलो महत्व छ । एउटा त यो संस्कृतिभित्रको पनि एउटा अभिन्न अङ्ग भयो । नवरात्र यसैभित्र पर्छ । नवरात्रले गर्दाखेरि यो साधनाको पर्व पनि भयो । अब यो साधनाको पर्व भएको हुनाले, आफैँले आफैँलाई चिन्ने अवसरको पनि यो एउटा ठूलो सांस्कृतिक अभिन्न अङ्ग हो । यसको अत्यन्त ठूलो महत्व छ । दसैँ भन्नासाथै, जुनसुकै नेपाली, जहाँसुकै गएको होस् घर सम्झिने एउटा प्रमुख पर्व हो । दसैँपछि मनाइने तिहार, छठ, लोसार र आ–आफ्नो चलनअनुसारका अरू पर्व पनि छँदै छन् ।

पछिल्ला वर्षमा नेपालीहरू 'डायोस्पोरा'मा पनि धेरै छन् । जहाँ रहेको भए पनि, जहाँ बसेको भए पनि, दसैँमा घर जाने या नजाने उनीहरूका बीचमा चर्चा, परिचर्चा हुन्छ । हामी नेपालीलाई जहाँ रहेको भए पनि सम्झेर घर आउने बनाउने पर्व पनि दसैँ नै । यो पर्व यति व्यापक छ कि, यसलाई कसैले, "हैन, यो त म मान्दिनँ, यो गर्दिनँ" भन्दाभन्दै पनि यसले सबैलाई समेट्न सक्ने भएकाले दसैँ दिनानुदिन राष्ट्रिय पर्वका रूपमा रहेको छ ।

राष्ट्रिय पर्व किनभने हामीले दसैँमा जतिको लामो छुट्टी अरू कुनै पनि चाडपर्वलाई दिँदैनौँ । यद्यपि, पहिलाको भन्दा बिदा घट्दै गएको छ, विद्यालयमा घट्दै गएको छ, कार्यालयमा घट्दै गएको छ । हिजोको जुन किसिमको पर्वोत्सवमा यसको भव्यता थियो, त्यो घट्दै गइरहेको छ । तर यसो हुँदाहुँदै पनि विजयादशमी भनेको नेपालीहरूको एउटा ठूलो चाड हो । अब हिन्दू धर्म तथा हिन्दू धर्मावलम्बीहरूको लागि मात्र नभएर यो त सबै नेपालीको चाडका रूपमा स्थापित भएको छ । यस पर्वले अनेकतामा एकताकाको भावनासहित सबै नेपालीलाई जोडेको छ । नेपाल एकीकरण हुनुभन्दाअघि यहाँ विभिन्न भुरे, टाकुरे राज्यहरू थिए । त्यसबखत ५२ भन्दा बढी त राज्यहरू थिए । पृथ्वीनारायण शाहले जुन किसिमले एकीकरण गर्नुभयो । त्यसपछि गोरखामा चलिरहेको विजयादशमीलाई गोरखामै छोडेर आएको भए पनि हुन्थ्यो नि, तर त्यसो नगरिकन त्यहाँको दसैँ घरबाट जमरा विधिपूर्वक काठमाडौँ भित्र्याएर दसैँलाई राष्ट्रिय पर्वका रूपमा मान्यता दिएको विषय आफैँमा अति महत्व छ ।

यसले नेपालको पर्वहरूमध्ये कुन पर्वलाई हामी राष्ट्रिय पर्वका रूपमा मनाउन सक्छौँभन्दा त्यही बेलादेखि नै अर्थात् विसं १८२५ देखि नै पृथ्वीनारायण शाहले त्यसको बीजारोपण गर्नुभएको थियो । जसका कारणले अहिले पनि सप्तमीको दिनमा गोरखाबाट जमरा ल्याउने, त्यसपछि सरकारी कार्यक्रमसहित भव्यताका साथ विधिवत् रूपमा काठमाडौँ हनुमानढोकामा भित्र्याइने चलन छ । त्यसले पनि यसको सांस्कृतिक महत्व अत्यधिक छ । यसरी दसैँले जुन किसिमको गरिमा पाएको छ, महत्व पाएको छ, अरू चाडपर्वहरूमा छैन ।

दसैँले नेपालीलाई जोड्ने काम पनि गरेको छ । पहाड होस्, तराई वा हिमाल जहाँ होस्, सबैतिर आ–आफ्नो किसिमले दसैँ मनाइने गरिन्छ । हिमालतिर टीका लगाउने अथवा जमरा लगाउने चलन छैन । त्यहाँ यसलाई भाइचाराको पर्व, एकापसमा शुभकामना साटासाट गर्ने र मनोरञ्जन गर्ने पर्वका रूपमा मनाउँछन् । नेपालमा मुस्लिम, क्रिस्चियन पनि छन्, उनीहरूले पनि यसलाई आफ्नै किसिमले मनाउन थालेका छन् । विजयादशमीलाई स्वीकार गर्छन् । यस पर्वमा उनीहरूको बीचमा शुभकामनाको आदान–प्रदान गर्ने, भेटघाट गर्ने र एकापसमा रमाइलो गर्ने तौरतरिका छ, यसले पनि दसैँको महत्वलाई झल्काउँछ । अब त दसैँ नेपालमा मात्र सीमित नभएर विश्वव्यापी रूपमा विस्तार भएको छ । जहाँ–जहाँ नेपालीहरू पुगेका छन्, अहिले ती ठाउँमा पनि विजयादशमी भव्य रूपमा मनाउने चलन चलेको छ ।

*बाँकी तीन पृष्ठमा*

**हार्दिक मंगलमय शुभकामना**



२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

**हार्दिक मंगलमय शुभकामना**



२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

## दशैंको संस्कृतिबाट ...

पछिल्लो समयमा यसभित्र रहेको साधनाको पक्ष भने ओझेल परेको छ । अध्यात्मको पक्ष भने बिलाउन लागेको वा हराउन लागेको हो भन्ने देखिन्छ । दसैँ भन्ने बित्तिकै खाइपिइमा रमाउने चलन बढेको छ । दसैँको धार्मिक तथा सांस्कृतिक महत्वलाई पनि सँगै लैजाने चुनौती भने थपिएको छ ।

विदेशी पर्यटकका लागि पनि दसैँ महत्व र कौतुलहको विषय बनेको छ । यसबाट पर्यटन प्रवर्द्धन गर्न सकिन्छ भन्ने लाग्छ । अहिले पोखरा, काठमाडौँलगायत विभिन्न ठाउँमा विदेशीले पनि सामूहिक रूपमा टीकाटालो गरी उत्सवका रूपमा मनाउने चलन बढेको छ । अन्यत्र पनि यो क्रम बढेको देखिन्छ । स्वदेशी मात्र नभएर विदेशीले पनि टीका लगाउने, जमरा थाप्ने र त्यसपछि आफूलाई एउटा गौरवको अनुभूति गर्ने परम्परा हुँदै गएको छ ।

आफ्ना अग्रज वा आफूभन्दा ठुलासँग आशीर्वाद लिने, आफूभन्दा सानालाई आशीर्वाद दिने, शुभकामना आदानप्रदान गरी रमाउने र आशीर्वादमा पनि शुःख, शान्ति, आनन्दको कामना गर्ने परम्परा छ, यस्तो चलन विश्वमा विरलै पाइएला । जुनसुकै धर्म, सम्प्रदाय र जसले अवलम्बन गर्दा पनि नराम्रो हुने केही छैन । होला, त्यसमा रहेका कतिपय कुराहरूलाई आ-आफ्नो ढङ्गले व्याख्या गर्ने, परिभाषित गर्ने कुरालाई त स्वाभाविक रुपमै लिनुपर्दछ ।

नेपालमै पनि हामीकहाँ कोही रातो टीका लगाउँछन्, ठीकै छ, कोही सेतो टीका, अक्षतालाई दहीमा मात्रै मुछेर लगाउँछन्, त्यो पनि ठीकै छ । कोही जमरा लगाउँछन्, कोही लगाउँदैनन्, त्यो पनि चलिरहेको छ । यसैले यो विविधताभित्र पनि जुन किसिमले विजयादशमी अटाएको छ । यसले सबैलाई एक किसिमको एकताबद्ध गर्ने काम गरिरहेको छ । यसभित्रको त्यो महानताले, यसभित्र रहेका विभिन्न किसिमका अर्थकारी कुराहरूले, राम्रा कुराहरूले गर्दा नै यो सम्भव भएको हो ।

**प्रश्नः दसैँ-संस्कृतिबाट बिलाउन लागेका अर्थात् लोप हुन लागेका साधना एवं आध्यात्मिकपक्ष के के हुन् ?**

हिजोको दिनमा नवरात्र भनेको साधनाको पर्व थियो । नौ दिनसम्म नवदुर्गा देवी भवानीको पूजाआराधना गर्ने, त्यसपछि त्यो पूजा आराधना भनेको अब नेपालको सन्दर्भमा हेर्दा सात्विक, राजसी र तामसी पूजा तीनै प्रकारको देखिन्छ । अब तीनै थरीहरूले आ-आफ्नो श्रद्धा-विश्वासअनुसार साधना गर्थे । अहिले साधना पक्ष अलिकति हराउँदै जान लागेको महसुस हुँदै गइरहेको छ । हरेक दिन जुन साधना गरिन्छ, त्यो साधना भनेको आफैँले आफैँलाई चिन्ने हो, आफैँभित्रको पशुतालाई हटाउनको लागि हो । आफैँभित्रको काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य जस्ता जति पनि अवगुणहरू छन्, ती अवगुण मबाट हराऊन् र मलाई चाहिँ दुर्गा भगवतीले यस्तो आशीर्वाद कृपा गरून् कि ममा ती कुराहरू नहुन् भनेर साधना गर्ने र त्यो साधना गरिसकेपछि दसैँको दिनमा जुन टीका प्रसाद हुन्छ, त्यो आफैँले पनि ग्रहण गर्ने, अरूलाई पनि त्यसबाट आशीर्वाद दिने चलन हो, अब त्यसमा अहिले बाहिरी अवशेष बाँकी भयो । त्यसको भित्री तत्व, त्यसको भित्री जुन साधनाको पक्ष र बुझ्नैपर्ने पक्ष, दर्शनको पक्ष, जीवनको एउटा जीवनोपयोगी पक्ष थियो, त्यो चाहिँ बिर्सिंदै, हराउँदै जान लागेको अनुभूति भएको छ ।

पछिल्ला वर्षहरूमा संस्कृति र नैतिक शिक्षाले स्थान नपाउँदा केही समस्या देखिएको हो । संस्कृतिको पढाइ विद्यालयदेखि नै दिन खोजेनौँ । नैतिकताको शिक्षा भनेको लोप भएर गयो । त्यसले गर्दा हाम्रो संस्कृति भनेको के हो ? हामीलाई केले जोडेको छ ? हामीलाई किन हाम्रा संस्कृतिप्रति गर्व लाग्छ रयो प्यार▪ ▪ो हुन्छ ? हाम्रा संस्कृतिहरूलाई चाहिँ ग्रहण गर्नुपर्छ ? त्यसभित्र भएका विकृतिहरूलाई हटाउँदै पनि जानुपर्छ, फाल्दै पनि जानुपर्छ । त्यसभित्र भएका सवल पक्षहरूलाई ग्रहण गर्दै जानुपर्ने हो । त्यो बढाउने पक्षमा हामीकहाँ कतिपय कुराहरू त्यस अनुसार भइरहेका छैनन् । त्यसतर्फ अब सौच्ने समय आएको छ ।

दसैँको बेलामा घर लिपपोत हुन्थ्यो । १५-२० दिन अगाडिदेखि नै गाउँका मानिस जम्मा भएर सामूहिक रूपमा गाउँटोल छिमेक सरसफाइ गर्ने, कुवा, पँधेरो, इनार, विद्यालय, मठमन्दिर, विहार, गुम्बा सरसफाइ गर्ने, ध्वजापताका फैलाउने, फहराउने गरिन्थ्यो । अब आज त्यो हराउँदै जान थालिसकेका छन् । घरमा पनि लिपपोत गर्दा कसैले रातो माटो ल्याएर, कसैले कमेरो ल्याएर लिपपोत गर्ने चलन थियो । अब त्यो हिजोको वास्तुशैलीअनुसारको घरका लागि चाहिँ ती उपयुक्त थिए । अब अहिले नयाँ किसिमको आधुनिक वास्तुशैलीमा गइसक्यौँ । अब कमेरो, चुन अथवा रातो माटो त प्रयोग नहुने भए । विकल्पमा अरू रङ्गहरू आउन थाले । कतिपय कुराहरूमा परिवर्तन आएको छ । अब त्यो परिवर्तनलाई समयअनुसार यसरी नै परिवर्तन हुँदै जान्छ भनेर स्वीकार्नु परेको छ । कमेरो लाउँछौँ भनेर अहिलेको आधुनिक घरमा लगाएपछि त काम लाग्दैन । यसैले कतिपय कुराहरूमा परिवर्तन पनि आउँदै गइरहेका छन् ।

**प्रश्नः दसैँ संस्कृतिभित्र नै विभिन्न स्वरूपले मनाउँदा कसैले बलि दिने, कसैले बलि नदिने त्यो खालको परम्परा छ, अब यो बलि संस्कृति पहिलेदेखि चल्दै आएको हो अथवा पछि गएर यसको सुरुआत भएको हो ?**

समाजमा विभिन्न किसिमका मान्छे हुन्छन् । मान्छेमा आ-आफ्नो किसिमको बुद्धिको तह हुन्छ । ज्ञानको तह हुन्छ, दर्शनको तह हुन्छ । यसअघि मैल भनि पनि सकेँ सात्विक, राजसी र तामसी पूजापद्धति छ । सात्विकतालाई अपनाउनेहरू कसैले पनि पशुपक्षीको बलि दिँदैनन् । बलि भनेको उपहार हो । उपहार भनेको के को दिन्छन्, भन्दा उनीहरू आफैँभित्रको अज्ञानताको, अन्धकारको र अवगुणहरूको बलि देवी दुर्गा भवानी अथवा आफूले जसलाई आराधना गर्छन्, चाहे भगवान् शिव, चाहे विष्णु, चाहे राम, चाहे कृष्ण, चाहे बुद्ध, कसलाई आराध्य मान्ने हो, त्यो हटाइदिनका लागि भगवान्सँग प्रार्थना गर्छन्, साधना गर्छन्, पूजाआराधना गर्छन् ।

अर्को राजसी र तामसी पूजा विधि छ । राजसी र तामसीमा तन्त्रको प्रधानता पनि पाइन्छ । तन्त्रप्रधानताको कारणले गर्दा पशुबलि यसमा छिरेको छ । नेपालको इतिहासलाई हेर्ने हो भने हाम्रो इतिहासको एउटा प्रामाणिक इतिहास लिच्छविकालबाट सुरु हुन्छ । किंवदन्तीमा, वंशावलीमा, त्यसभन्दा अगाडिदेखि किराँत, महिषपाल, गोपालवंशीलगायतको पनि पाइन्छ । प्रमाण नभएको हुनाले त्यतिखेरका कतिपय कुराहरू।▪ अहिले हामीले किंवदन्ती र लोकोक्तिको भरमा नै बुझ्नपर्ने अवस्था छ । पशुपबलिको जुन चलन मल्लकालतिर प्रवेश भयो । हरिसिंह, जो कर्नाटकवंशी थिए, उनी भक्तपुरमा आएपछि सुरु भएको हो ।

राजाका रूपमा हरिसिंह भक्तपुरमा आएपछि तुलजाको प्रवेश भयो । तुलजाको प्रवेश भएपछि नेपाली इतिहासको मूर्तिकलाको क्षेत्रमा हेर्ने हो भने जति पनि देवीको, मातृकाको, दुर्गाभवानीहरूको मुर्ति देख्छौँ, त्यो धेरैजसो मल्लकालकै छन् । त्यो पनि हरिसिंह यता आइसकेपछि १३औँ, १४औँ शताब्दीदेखि बनेको पाइन्छ । भगवती वा अष्टमातृकाको कुरा गरौँ, चाहे यता पलाञ्चोक भगवतीको कुरा गरौँ, सबै देवदेवीहरू जति पनि छन्, मल्लकालमा, मैथिली प्रभाव परेको देखिन्छ । नेपाली कलामा पाल, मैथिल प्रभाव प्रभाव परिसकेपछि देवीहरूको प्रधानता भयो । देवीहरूको प्रधानताको कारणले गर्दा पशुपबलिले प्रवेश पायो । त्यसअघि नेपालमा बलि दिने चलन थिएन ।

मूर्तिकला अध्ययन गऱ्यौँ भने पनि त्यही नै देख्न सक्छौँ । त्यसपछि नेवार समुदायमा यसको अत्यधिक प्रचारप्रसार भयो । खासगरी पालहरूको प्रवेशले गर्दा बङ्गालमा चलिरहेको मातृशक्तिप्रतिको धारणा, दर्शन थियो, त्यसले यहाँ पनि प्रवेश पायो । पण्डितहरू आए, ग्रन्थ आयो, पूजापद्धति आए । त्यस्तैगरी यता मैथिलहरूको कर्णाटकबाट प्रवेश भयो । यसरी दुई धारबाट नेवारी संस्कृतिमा जोडियो । त्यसमा आफ्नैपन आयो, नेपालीकरण भयो । त्यसभन्दा अगाडिको जुन प्रभाव छ, त्यसमा पाल र मैथिलहरूको प्रभाव देखिन्छ । पशुपबलि सुरु भई तन्त्र प्रधान भयो । पशुबलिलाई हाम्रै धर्म हो, यो बाहेक अर्को छैन भन्ने जस्तो स्थिति आयो । अहिले त मानिसहरूमा चेतना आएर, पशुबलि त कसरी धर्म हुन सक्छ भन्ने चर्चा-परिचर्चा, विचारविर्मश हुनथालेको छ । विगत केही वर्षदेखि देवीका मठमन्दिरमा गएर हेर्ने हो भने पशुबलिमा निकै कमी भएको पाइन्छ । पशुको सट्टा नरिवलको बलि दिऊँ, कुभिण्डोको बलि दिऊँ वा घेराउलाको बलि दिऊँ भन्नेहरू पनि त्यत्तिकै देखिन्छ ।

पहिलापहिला इष्टदेवी, कुलदेवी, कुलदेवीमा पनि पशुबलि दिने व्यापक चलन थियो । अब त्यो पनि बिस्तारै हटाउँदै, पशुबलि नदिने, बरु अरू नै बलि, सात्विक बलि दिने भन्ने क्रम पनि चल्दै गइरहेको छ । यसले गर्दा समाजमा परिवर्तन आउँदै गरेको आभाष हुन्छ ।

इतिहासलाई हेर्ने हो भने नेपालमा कुनै बेला सतीप्रथा थियो । सतीप्रथालाई कुनै बेला यो धर्मको अभिन्न अङ्ग हो भन्यौँ । बिस्तारै सुधारवादी नेताहरू आए, सुधारवादी अग्रजहरू आए, सुधारवादी आचार्य, सुधारवादी गुरुजनहरूको कारणले गर्दा त्यसलाई बुझाउन सक्ने व्यक्तित्वहरूले त्यतिखेरका राजसत्तामा भएका मानिसहरूलाई बुझाउँदा त्यो इतिहासको कालखण्डमा अतीत बनेर गयो । यस्तै कतिपय कुराहरू जसलाई अहिले हामी संस्कृति भनिरहेका हुन्छौँ, त्यो संस्कृति पनि बिस्तारै परिवर्तन हुँदै, संशोधन हुँदै, परिमार्जन हुँदै जान्छ । यदि संशोधन परिमार्जन भएन भने फेरि त्यो एउटा पोखरीको पानी जस्तो हुन्छ । कतै पनि जान पाएन भने गन्हाउन थाल्छ । संस्कृति भनेको झरना जस्तो हुनुपर्छ । झरनाको पानी जसरी कलकलाउँदो गरी छङछङ-छङछङ गरी बगेर नदीमा जान्छ ।

त्यसभित्रका विकृतिहरू बिस्तारै समयअनुसार आफैँ पाखा लाग्दै, पन्छिँदै हट्दै जान्छ । अनि मानिसमा एउटा चेतना र जागरण पनि बढ्दै जान्छ । त्यो चेतना र जागरण बढ्दै गइसकेपछि कतिपय कुराहरू समयसापेक्ष रूपमा बदलिँदै जान्छन् । संस्कृति भनेको जसले आफूलाई कुनै काम गर्दा आनन्द आउँछ, परिवारलाई आनन्द आउँछ, त्यस्तै राष्ट्रलाई पनि आनन्द हुन्छ र त्यसले मानवमात्रका लागि आनन्द दिन्छ भने त्यो संस्कृति हो । कसैलाई दुःख दिने, कसैलाई पीरलो गर्ने, कसैलाई आँसु आउने काम भयो भने त्यो संस्कृतिभित्र पर्दैन । बिस्तारै नबुझेकोलाई पनि बुझाउँदै जानुपर्छ र साथसाथै त्यसलाई व्यावहारिक रूपमा अवलम्बन गर्दै गयो भने कतिपय संस्कृतिभित्र रहेका विकृतिहरू स्वतः हट्दै जान्छन् । दसैँ, तिहार, छठलगायत हाम्रो महत्वपूर्ण धर्म-संस्कृतिको उजागर एवं संरक्षण गर्दै समयसापेक्ष एवं व्यावहारिक पक्षलाई पनि आत्मसात् गरी नेपाल र नेपालीको गौरवलाई अझ उच्च पार्नको लागि हाम्रा चाडपर्व सावित हुनेछन् ।

# विश्व समाचार

## मालीमा सशस्त्र आक्रमणमा ५० जनाको मृत्यु

बामाको, ३ कात्तिक (रासस/एएफपी) ।

मालीको उत्तरपूर्वी मेनाका क्षेत्रमा सशस्त्र समूहले गरेको आक्रमणमा ५० जनासम्म सर्वसाधारण मारिएका छन् । आइतबार भएका आक्रमणमा मुख्यतः दौसहाक समुदायका बासिन्दालाई लक्षित गरिएको सुरक्षा अधिकारी तथा स्थानीय स्रोतहरूले बताएका छन् । मोटरसाइकलमा आएका आक्रमणकारीले टिनाबो गाउँ र तगादायत क्षेत्रका शिविरमा गोली चलाउनुका साथै घरहरूमा आगो लगाएका थिए । दौसहाक समुदायको कार्यकारी ब्युरोले हत्यामा इस्लामिक स्टेट समूह संलग्न रहेको आरोप लगाएको छ । ब्युरोका अनुसार तगादायतमा ४८ जना सर्वसाधारण मारिएका छन् । एक सुरक्षा स्रोतका अनुसार हालै गरिएको सैन्य कारबाही र अजवादको उद्धारका लागि सशस्त्र आन्दोलन (एमएसए) ले गरेको आक्रमणको बदलास्वरूप हिंसा भएको हो। दौसहाक समुदायबाटै उदाएको एमएसए मालीको सत्तारूढ सरकारसँग सम्बन्धित छ । एक स्थानीय अधिकारीले महिला र वृद्धसहित ५० भन्दा बढीको मृत्यु भएको बताएका छन् । आक्रमणबाट विस्थापित भएका मानिसहरू मेनाका पुगेका छन् । दौसहाक समुदायको कार्यकारी ब्युरोले घटनालाई नरसंहार भन्दै निन्दा गरेको छ र विस्थापितका लागि तत्काल मानवीय सहायता उपलब्ध गराउन अपिल गरेको छ ।यसैबीच, मालीको सेनाले शनिबार मेनाकाबाट करिब ६५ किलोमिटर दक्षिणपश्चिममा सैन्य कारबाही गरी आतङ्कवादी तथा सैन्य उपकरण रहेको प्रमुख आधारमा आक्रमण गरेको जनाएको छ । माली सन् २०१२ देखि जिहादी लडाकू, तुआरेग पृथकतावादी र आपराधिक समूहको हिंसाबाट प्रभावित छ। सन् २०२० र २०२१ का सैनिक विद्रोहपछि सत्तामा आएको सैनिक सरकारले रुसको सहयोग लिएको छ । वागनर समूहका अर्धसैनिक बल सन् २०२५ मा अफ्रिका कोरमा रूपान्तरण भएको थियो ।

## केन्याली धर्मगुरु म्याकेन्जी १९१ हत्यामा दोषी

नैरोबी, ३ कात्तिक (रासस/एपी) ।

अनुयायीहरूलाई येशूलाई भेट्न भोकै बसेर मर्न बाध्य पारेको अभियोगमा केन्याली धर्मगुरु पास्टर पल म्याकेन्जी १९१ जनाको हत्यामा दोषी ठहर हुनुभएको छ । सन् २०२३ मा उहाँका अनुयायी बस्ने क्षेत्रमा ४०० भन्दा बढी शव फेला परेका थिए । न्यायाधीश डायना काभेद्जाले गुड न्यूज इन्टरनेसनल चर्चका नेता म्याकेन्जीले अनुयायीहरूलाई मृत्युसम्म उपवास बस्न बाध्य पार्ने योजनाबद्ध प्रणाली सञ्चालन गरेको ठहर गर्नुभयो । अदालतका अनुसार सुरुमा बालबालिकालाई भोकै बस्न लगाइएको थियो । भाग्न वा खाना खान खोज्नेहरूलाई रोक्न सुरक्षाकर्मी खटाइएको र उनीहरूलाई कुटपिटसमेत गरिएको थियो । म्याकेन्जीले अनुयायीहरूलाई शिक्षा र स्वास्थ्य सेवाबाट टाढा रहन निर्देशन दिनुभएको थियो । चिकित्सा उपचारलाई 'शैतानको साधन' का रूपमा प्रस्तुत गरिएको न्यायाधीशले बताउनुभयो । सन् २०२३ मा केन्याको तटीय किलिफी काउन्टीस्थित साकाहोला जङ्गलका उथला चिहानबाट ४०० भन्दा बढी शव निकालिएका थिए । घटनापछि म्याकेन्जी र उहाँकी श्रीमतीसहित दर्जनौँ व्यक्तिमाथि अभियोग लगाइएको थियो । म्याकेन्जीले भने आफूमाथिका आरोप अस्वीकार गर्दै अनुयायीहरूलाई भोकै बस्न बाध्य नपारेको दाबी गर्नुभएको थियो ।

घटनामा आमा, दाइ र दुई भतिजा गुमाउनुभएका विलियम पोन्डा न्गालाले फैसलाले राहत दिएको बताउनुभयो । उहाँले यसले भविष्यमा धार्मिक नेताबाट हुने अनुयायीको शोषण रोक्न सन्देश दिने आशा व्यक्त गर्नुभयो । सन् २०२५ को अप्रिलमा पुनरावेदन अदालतले म्याकेन्जी र सहअभियुक्तहरूविरुद्ध १९१ वटा हत्या अभियोग अघि बढाउन अनुमति दिएको थियो । यसअघि उच्च अदालतले अभियोग १२ वटामा सीमित गर्न निर्देशन दिए पनि पुनरावेदन अदालतले कानूनले अभियोगको सङ्ख्या नतोकेको ठहर गरेको थियो । म्याकेन्जीको सजाय निर्धारणसम्बन्धी सुनुवाइ अक्टोबर ३० मा हुने र सजाय नोभेम्बर ६ मा सुनाइने तय भएको छ ।

## हिरासतमा रहेकी सुकीलाई बेलायती राजाको उपहार

याङ्गुन, ३ कात्तिक (रासस/एएफपी) ।

म्यान्मामा हिरासतमा रहनुभएकी नोबेल शान्ति पुरस्कार विजेता आङ सान सुकीलाई बेलायतका राजा चार्ल्स तृतीयले पठाउनुभएको प्याकेज सोमबार प्राप्त भएको छ । म्यान्माका अधिकारीहरूले दुई महिनापछि उहाँको पहिलो तस्बिर सार्वजनिक गर्दै 'विशेष महिला कैदी' भनेर उल्लेख गरेका छन् । प्याकेजमा माटोसम्बन्धी दुई पुस्तक, एउटा सिलबन्दी खाम र राजाले पठाउनुभएको गोप्य कूटनीतिक पत्र रहेको म्यान्माका राष्ट्रपतीय प्रवक्ताले बताएका छन् ।सन् २०२१ को सैनिक विद्रोहबाट सत्ताच्युत हुनुभएकी सुकीलाई पछि नजरबन्दमा सारिएको थियो । गत अप्रिलमा पूर्वसैनिक शासक मिन आङ ह्लाइङ नागरिक राष्ट्रपतिका रूपमा स्थापित हुनुभएको निर्वाचनमा उहाँको पार्टी सहभागी हुन पाएको थिएन । सैनिक विद्रोहपछि म्यान्मामा गृहयुद्ध चर्किएको छ । द्वन्द्वमा एक लाखभन्दा बढी मानिसको मृत्यु भएको द्वन्द्व अनुगमन संस्था एसीएलइडीले जनाएको छ । बेलायतले सुकीको हिरासतलाई 'मनमानी नजरबन्द' भन्दै उहाँलाई तत्काल र बिनासर्त रिहा गर्न माग गर्दै आएको छ बेलायती विदेश कार्यालयले भने प्याकेज कूटनीतिज्ञमार्फत हस्तान्तरण गर्ने प्रयास भएको थियो वा त्यसका लागि अनुमति अस्वीकार गरिएको थियो भन्ने स्पष्ट पारेको छैन ।

# राजदेवी मन्दिरमा करिब १५ हजार बोका बलि प्रदान

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३ कात्तिक ।**

जनकपुरधामस्थित राजदेवी मन्दिरमा यस वर्ष १४ हजार ८ सय ९१ वटा बोका बलि दिएको छ । बडादसैं पर्वअन्तर्गत महाअष्टमीको अवसरमा आइतबार रातिदेखि सोमबार बिहानसम्म १४ हजार ८९१ वटा बोका बलि दिएको हो ।

महावीर युवा कमिटी जनकपुरधामका अध्यक्ष दीपककुमार साहका अनुसार राजदेवी माताप्रति आस्था राख्ने श्रद्धालु भक्तजनले धार्मिक परम्पराअनुसार एवं भाकल गरेकाहरूले बोका बलि प्रदान गरेको हुन् ।

बोका बलि दिने कामलाई व्यवस्थित बनाउन सो युवा कमिटीले मन्दिर परिसरमा चार स्थानमा बलि दिन सकिने व्यवस्था मिलाएको थियो । अघिल्लो वर्ष २०८२ सालको विजयादशमीमा १४ हजार ९ सय ३ वटा बोका बलि प्रदान गरिएको थियो ।

महाअष्टमीको रात राजदेवी मन्दिर माताको दर्शन तथा पूजाआजाका लागि भारतबाट पनि श्रद्धालुहरू आउने गरेका छन् । मन्दिरमा दर्शनार्थीको चाप बढ्ने भएकाले भक्तजनलाई सहज रूपमा पूजाआजा र दर्शन गर्ने वातावरण मिलाउन आवश्यक तयारी गरिएको अध्यक्ष साहले बताए ।

# भाकल पूरा गर्न बुढासुब्बामा भक्तजनको लर्को

सुनसरी, ३ कात्तिक (रासस) ।

धरान उपमहानगरपालिका-१४ विजयपुरस्थित बुढासुब्बा मन्दिरमा पूजाआराधना गर्ने भक्तजनको लर्को लागेको छ ।

बुढासुब्बा मन्दिरमा महानवमीका दिन कुखुराको भाले बलि चढाएर दुर्गा भवानीको विशेष पूजाआराधना गरिने भएकाले बिहानैदेखि भक्तजनको भीड लागेको हो ।

मन्दिरका पुजारी डम्बर आलेमगरका अनुसार यहाँ मनोकामना पूरा होस् भन्ने कामनासहित पूजा गर्ने र भाकल पूरा भएपछि कुखुराको भाले चढाउने परम्परा छ । भक्तजनले सुख, शान्ति, समृद्धि र मनोकामना पूरा हुने विश्वासका साथ पूजाआराधना गरिरहेका छन् ।

यहाँ पूर्वी नेपालका विभिन्न जिल्लाका साथै भारतको सिक्किम र दार्जिलिङ तथा भुटानबाट समेत दर्शनार्थी आउने गरेका छन् ।

तरहराकी निर्मला बस्नेतले दसैंका अवसरमा परिवारको सुख, शान्ति र समृद्धिको कामना गर्दै बुढासुब्बा मन्दिरमा पूजा गर्न आएको बताउनुभयो । मनोकामना पूरा हुने विश्वासका साथ आफू हरेक वर्ष भाकलअनुसार भाले चढाउन आउने गरेको उहाँले जानकारी दिनुभयो ।

बुढासुब्बा मन्दिरमा करिब ३० वर्षदेखि व्यापार गर्दै आउनुभएका एमडी जम्मेलले बडादसैं सुरु भएसँगै पूजाआराधना गर्न आउने भक्तजनको सङ्ख्या बढ्ने गरेको बताउनुभयो । महानवमीका दिन बिहानैदेखि भक्तजनको चहलपहल बढेकाले व्यापार पनि बढेकामा उहाँ दङ्ग हुनुहुन्छ । उहाँले मन्दिर परिसरमा पूजाका सामग्रीसँगै बालबालिकाका लागि विभिन्न किसिमका खेलौना पनि बिक्री गर्दै आउनुभएको छ ।

एक दशकअघिसम्म बुढासुब्बा मन्दिर परिसरका बाँसमा नाम लेख्दा प्रेम अमर हुन्छ भन्ने विश्वासका साथ नाम लेख्ने चलन थियो । समयक्रममा बाँस मर्न थालेपछि मन्दिर व्यवस्थापन समितिले बाँस वरिपरि तारजाली लगाएको छ । त्यसपछि बाँसमा नाम लेख्ने चलन घट्दै गएको र बाँसमा माला बाँध्ने क्रम बढेको छ ।

बुढासुब्बा मन्दिरमा भक्तजनले कुखुराको भाले, अण्डा र फलफूल चढाएर पूजाआराधना गर्ने गर्छन् । भाकल पूरा गर्न भाले चढाउने र नजिकै रहेको गौरिनी मातालाई पोथी कुखुरा चढाउने परम्परा पनि छ । पोथी उपलब्ध नभए अण्डा चढाइन्छ ।

विजयपुरमा नै प्रसिद्ध शक्तिपीठ दन्तकाली, बुढासुब्बा, पिण्डेश्वर र पञ्चकन्यालगायत मन्दिर छन् । बडादसैंका अवसरमा दन्तकालीमा भक्तजनको बढी चहलपहल हुन्छ ।

***सप्तरीका दुई ...***

मन्दिर समितिले जानकारी दिएको छ ।

पुष्पवृष्टिका लागि आवश्यक फुलको व्यवस्थापन भने पालिकाले नै मिलाएको छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिए ।

विगत तीन वर्ष यता दशैंका बेला यी दुबै शक्तिपीठमा पालिकाको पहल र सेनाको सहयोगमा पुष्पवृष्टि कार्यक्रमको आयोजना हुँदै आएको छ ।

# जुम्लाबाट सात हजार ३३० मेट्रिकटन स्याउ निर्यात

जुम्ला, ३ कात्तिक (रासस) ।

जुम्लाबाट सात हजारभन्दा बढी मेट्रिकटन टन स्याउ निर्यात भएको छ । कृषि विकास कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा उत्पादन भएको स्याउ हालसम्म करिब सात हजार ३३० मेट्रिकटन बाहिरी जिल्लामा गएको छ ।

कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जिल्लामा करिब १९ हजार ५०० मेट्रिकटन स्याउ उत्पादन भई रु ५५ करोड बराबरको कारोबार हुने अनुमान गरिएको जानकारी दिनुभयो । हाल प्रतिकेजी न्यूनतम रु ७५ मा स्थानीय बगैँचाबाट किसानले स्याउ बिक्री गरिरहेका छन् ।

तातोपानी गाउँपालिका-६ स्थित बाँजारावलामा सात हजार १४० रोपनी क्षेत्रफलमा भएको सामूहिक स्याउ खेतीबाट मात्र ३४ मेट्रिकटन स्याउ उत्पादन भएको छ । जसबाट मात्र रु ३० लाख बराबरको स्याउ बिक्री भएको कार्यालय प्रमुख अधिकारीको भनाइ छ । जुम्लामा झण्डै चार हजार ६०५ हेक्टर अर्थात् ९२ हजार ८० रोपनी क्षेत्रफलमा स्याउखेती हुने गरेको छ ।

चालु आवमा झण्डै १०८ हेक्टर अर्थात् दुई हजार १६० रोपनी थप क्षेत्रफलमा स्याउखेती विस्तार गरिने लक्ष्य कार्यालयले लिएको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो । उच्च जातको फुजी स्याउको खेती भने जम्मा ५२ हेक्टर क्षेत्रफलमा भएको छ । यस वर्ष ४९ हेक्टरमा मात्र फुजी स्याउ फलेको कृषि कार्यालयले जनाएको छ ।

यसैगरी, रेडडेलिसेस, रोयलडेलिसेस, गोल्डेन, रिचा रेड, जनाथन, स्पोरलगायत स्थानीय जातका स्याउको खेती भई बिक्री वितरण भइरहेको कृषि कार्यालयले जनाएको छ ।

केही स्याउ व्यापारीले कोल्ड स्टोरका साथै घरमा पनि राखिएकाले निर्यात र रकम बढ्न सक्ने अनुमान गरिएको छ । कार्यालयका अनुसार यहाँका आठवटै स्थानीय तहका करिब १९ हजार घरधुरी स्याउ खेतीमै निर्भर रहेको जनाएको छ । यो वर्ष भारतबाट आउने स्याउ नेपालमा बन्द भएपछि जुम्लाको स्याउले बजार राम्रो पाएको छ । जिल्लाबाट एक हजार ५०० कार्टुन स्याउ खरिद गरी नेपालगञ्जमा बिक्री गरेको हिमा गाउँपालिकाका स्थानीय स्याउ व्यापारी माया रोकायाले जानकारी दिनुभयो ।

# चोरीका गरगहनासहित महिला पक्राउ

पर्सा, ३ कात्तिक (रासस) ।

चार लाख ११ हजार बराबरका चोरीका गरगहनासहित यहाँ एक महिलालाई पक्राउ गरिएको छ । एक तोलाको सुनको सिक्री र दुई तोला चाँदीका पाँच सेट पायलसहित ती महिलालाई पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार वीरगञ्ज महानगरपालिका-६ स्थित गहवामाई मन्दिर नजिकस्थित हर्ष ज्वेलर्सबाट चोरी भएका गरगहनाको ती महिलाबाट बरामद गरेको हो ।

# सडक सम्पर्क विच्छेद भएका बस्तीमा ड्रोनबाट राहत सामग्री

काठमाडौं, ३ कात्तिक (रासस) ।

बाढीका कारण सडक सम्पर्क विच्छेद भएका गोरखाका दुर्गम बस्तीमा ड्रोनमार्फत राहत सामग्री पुर्‍याइएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सडक सम्पर्क टुटेका बस्तीमा राहत सामग्री पुर्‍याउन ड्रोनको प्रयोग गरिरहेको जनाएको छ । दसैंका समयमा समेत प्रभावित नागरिकलाई आवश्यक राहत उपलब्ध गराउन ड्रोन प्रयोग गरिएको प्राधिकरणले जनाएको हो ।

प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले सडक सम्पर्क विच्छेद भएका र भौगोलिक रूपमा विकट क्षेत्रमा राहत वितरण गर्न ड्रोन प्रभावकारी बनेको बताउनुभयो । “हामीसँग चार वटा ड्रोन छन् ।

रसुवा र गोरखामा सडक सम्पर्क विच्छेद भएका स्थानमा ड्रोनमार्फत राहत वितरण भइरहेको छ,” उहाँले भन्नुभयो । बाढीमा सडक, पुललगायत भौतिक पूर्वाधार बगेपछि राहत सामग्री आपूर्ति गर्न प्राधिकरणलाई चुनौती थपिएको छ ।

प्रभावित नागरिकको उद्धार र राहतमा प्राधिकरणले ड्रोनको अधिकतम उपयोग गरेको छ ।

# हात्तीको आक्रमणबाट वृद्धाको मृत्यु

झापा, ३ कात्तिक (रासस) ।

हात्तीको आक्रमणबाट बाह्रदशी गाउँपालिका-२ जनता चोकको ७० वर्षीया लजुमा खातुनको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रञ्जन अवालका अनुसार मंगलबारको प्रातःकालीन पदयात्रामा उहाँलाई बिरिङ खोला नजिक दुई वटा हात्तीले आक्रमण गरेका थिए । गम्भीर घाइते उहाँलाई भद्रपुरस्थित प्रादेशिक अस्पताल लैजाँदै बाटामा मृत्यु भएको हो ।

खातुनसँगै पदयात्रामा रहनुभएका सोही स्थानका ७३ वर्षीय झक्कु राजवंशी गम्भीर घाइते हुनुभएको छ । उहाँको बिर्तामोडस्थित स्पाइन एक्स अस्पतालमा उपचार जारी छ ।


हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी



हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी



**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*